दर्ता नं. १२२६/०६६/०६७
इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/२१/०६७/०६८

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
# Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)

मितिः २०७९/११/२१

पत्र संख्याः ०१
चलानी : ४८६/२०७९/८०

**श्री नेपाल स्टक एक्सचेन्ज लि.,**
**सिंहदरबारप्लाजा, काठमाण्डौं ।**

**विषयः साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. को सञ्चालक समितिको मिति २०७९/११/२० गते शनिवार बिहान ८:०० बजे बसेको २०१ औं बैठकको निर्णय अनुसार संस्थाको १२ औं वार्षिक साधारण सभा मिति २०७९ चैत्र २६ गते (तदनुसार ९ अप्रिल, २०२३ ई.सं.) आइतवार दिनको ११:०० बजे होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्वर ०९, कालिकापथ, रुपन्देहीमा गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै, वार्षिक साधारणसभा सम्बन्धमा मिति २०७९/११/२५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने व्यहोरा समेत अनुरोध गर्दछौं ।

**शेयरधनी दर्ता किताब बन्द रहनेः**

वित्तीय संस्थाको १२ औं वार्षिक साधारण सभा प्रयोजनका लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७९/१२/१० गते बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात मिति २०७९/१२/०९ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंमा शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा कायम रहेका शेयरधनीहरु यस वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश प्राप्त गर्न योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

**भवदीय,**

सूर्य प्रसाद उपाध्याय
कम्पनी सचिव

**बोधार्थः**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।
४. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

Head Office: Butwal-12, Rupandehi, Phone No.:071-438171, Fax No.:071-438169
E-mail:info@jucbank.com.np, www.jucbank.com.np